पूर्वाञ्चल विश्वविद्यालय
परीक्षा व्यवस्थापन कार्यालय
विराटनगर, नेपाल ।

☎ ४६४३३९ (Ext.109)
इमेलः puoemgt@puexam.edu.np

२०७९।०६।१०

**श्री क्याम्पस प्रमुखज्यू,**
**B.Sc. Nursing अध्यापन गराउने सम्पूर्ण क्याम्पस/कलेजहरू**

**विषयः परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे ।**

उपरोक्त सम्बन्धमा पूर्वाञ्चल विश्वविद्यालयद्वारा २०८०(सन् २०२३) सालमा सञ्चालन हुने **चिकित्साशास्त्र संकाय** अन्तर्गत **स्नातकतह B.Sc.Nursing चौथो बर्ष नियमित/आँशिक** रूपमा त्यस क्याम्पस/कलेज/स्कूलमा अध्ययनरत विद्यार्थीहरूलाई **२०८०।०७।१२** गते भित्र **परीक्षा आवेदन फारम भराई मिति २०८०।०७।१४ गते भित्र नियमानुसारको परीक्षा शुल्क एवं सम्बन्धन शुल्क यस कार्यालयको नविल बैंक लि.को खाता नम्बर 00710017518402 मा** जम्मा गरी सो को सक्कलै भौचर र **परीक्षा आवेदन फारम** मिति **२०८०।०७।१६ गते भित्र सम्बन्धित कलेजको प्रतिनिधि मार्फत पू.वि. परीक्षा व्यवस्थापन कार्यालय, विराटनगरमा** उपलब्ध गराउन हुन जानकारी गराइएको छ । तोकिएको म्याद भित्र परीक्षा आवेदन फारम भर्न छुट भएका विद्यार्थीहरुलाई तपसिल बमोजिमको **विलम्ब शुल्क** सहित परीक्षा आवेदन फाराम भराई पू.वि. परीक्षा व्यवस्थापन कार्यालय विराटनगरमा पठाउनु पर्नेछ । त्यसपछि प्राप्त भएका परीक्षा आवेदन फारम उपर कुनै कारवाही नगरिने व्यहोरा जानकारी गराउदै सम्बन्धित परीक्षार्थीहरुलाई भराउनु पर्ने परीक्षा आवेदन फारम थान ........यसै पत्रसाथ संलग्न गरी पठाइएको छ ।

***परीक्षा आवेदन फारम भराउँदा तपसिल बमोजिमको निर्देशनहरु अनिवार्य रुपमा पालन गर्न/गराउन अनुरोध छ ।***

तपसिल

१. परीक्षा आवेदन फारम पठाउदा शैक्षिक सत्र (Batch) अनुसार, अंग्रेजीको बर्णानुक्रमअनुसार Ascending Order मा फारम मिलाई विषयगत विवरण फारम तयार गरी फाईलिङ्ग गरी पठाउनु पर्ने छ ।

**२. परीक्षा आवेदन फारममा विद्यार्थीले रजिष्ट्रेशन नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ ।**

३.परीक्षा आवेदन फारममा रहेको तीन वटा फोटो मध्ये पहिलो फोटोमा सम्बन्धित क्याम्पस/कलेजका क्याम्पस प्रमुख/प्राचार्यले फोटो र फारममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्नेछ । अन्य दुईवटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।

**४. परीक्षा आवेदन फारमको पछाडि सम्बन्धित विद्यार्थीको हाजिरी प्रतिशत अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने छ ।**

५.परीक्षा आवेदन फारममा लिखित तथा प्रयोगात्मक दुवै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरू समेत स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने छ । प्रयोगात्मक विषयमा मात्र अनुतिर्ण विद्यार्थीले समेत अनिवार्य रूपमा परीक्षा आवेदन फारम भर्नुपर्नेछ ।

६. कुनै परीक्षार्थीले परीक्षा आवेदन फारममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन र परीक्षा आवेदन फारममा विषय गलत लेखी पठाएमा विषय सच्याउन प्रति विषय **रू ५००।-** लाग्नेछ ।

**७. कलेजले संचालन गर्ने आन्तरिक मूल्याङ्कन परीक्षामा अनुतिर्ण र अनुपस्थित विद्यार्थीले परीक्षामा बस्न पाउने छैन । अटेर गरी परीक्षा दिएमा परीक्षाफल रद्द गरिनेछ ।**

**८.परीक्षा शुल्क देहाय बमोजिम हुने छ-**

| विवरण | शुल्क |
|---|---|
| १. नियमित | रू १,१००।०० |
| २. आंशिक १ विषय | रू ५,००।०० |
| ३. आंशिक २ विषय | रू ८,००।०० |
| ४. आंशिक २ भन्दा बढि विषय | रू १,१००।०० |
| **५. विलम्ब शुल्क (तोकिएको भ्याद समाप्त भएको मितिले ७ दिन भित्र)** | रू १,०००।०० |
| **६. विलम्ब शुल्क (परीक्षा शुरु हुनुभन्दा १० दिन अगाडि सम्म)** | रू २,०००।०० |
| ७. विलम्ब शुल्क (परीक्षा शुरु हुनुभन्दा ५ दिन अगाडि सम्म) | रू ३,०००।०० |
| **८. सम्बन्धन शुल्क B.Sc. Nursing चौथो वर्ष (प्रतिविद्यार्थी प्रति वर्ष)** | **रू ११,०००।००** |

***नोटःकुरियर मार्फत परीक्षा फारमहरू नपठाउनु होला ।***

------------------------
परीक्षा नियन्त्रक